# बगनासकाली गाँउपालिकाको आर्थिक वर्ष २०७६/०७७ को नीति, कार्यक्रम तथा बजेट बक्तव्य

- सभाध्यक्ष ज्यू,
- प्रमुख अतिथि जिल्ला समन्वय समितिका प्रमुख ज्यू,
- प्रमुख प्रशासकीय अधिकृत ज्यू,
- गाँउपालिका प्रवक्ता ज्यू,
- सम्पूर्ण वडाध्यक्ष तथा कार्यपालिका सदस्य ज्यूहरू,
- श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका सदस्यज्यूहरू,
- राजश्व परामर्श समिति समितिका सदस्यज्यूहरू,
- न्यायिक समितिका सदस्यज्यूहरू,
- बजेट तथा कार्यक्रम तर्जुमा समितिका सदस्यज्यूहरू,
- विषयगत समितिका संयोजक तथा सदस्यज्यूहरू,
- सभाका सम्पुर्ण सदस्य ज्यूहरू,
- पत्रकार महासंघ पाल्पाका अध्यक्ष ज्यू,
- बगनासकाली पत्रकार समुहका संयोजक ज्यू,
- गाँउपालिकाका विषयगत शाखाका प्रमूख तथा उप प्रमूखज्यूहरू,
- विद्धान पत्रकार, संचारकर्मीज्यूहरू,
- उपस्थित सम्पुर्ण कर्मचारी साथीहरू ।

सर्वप्रथम, बगनासकाली गाउपालिकाको पाचौं गाउँसभा सुभारम्भ तथा आ.व. २०७६/७७ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुतीकरण समारोहमा पाल्नुहुने प्रमूख अतिथि ज्यू, र सम्पूर्ण अतिथिहरू ज्यू, सभाका सम्पुर्ण सदस्य ज्यूहरूमा हार्दिक स्वागत गर्न चाहन्छु । यो गरिमामय पाचौं गाउँ सभाको अवसरमो मुलकमा संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका निम्ति आफ्नो जिवनको आहुति दिनुहुने सम्पूर्ण आदरणीय ज्ञात-अज्ञात वीर सहीदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहान्छु । साथै आन्दोलनको क्रममा घाईते, अपाङ्ग, बेपत्ता नागरिकहरूलाई हृदय देखि नै स्मरण गर्न चाहन्छु । मुलुक एकात्मक र केन्द्रिकृत शासन व्यवस्थाबाट संघीय लोकतान्त्रिक, गणतन्त्रात्मक शासन व्यवस्थामा रूपान्तरण भएको केही वर्ष बिति सकेको छ । संधीय संरचनामा हामी जनप्रतिनिधीहरू स्थानीय तहको लोकतान्त्रिक अभ्यास गरीरहेका छौं । अहिले मुलुकका राजनीतिक एजेण्डाको टुङ्गो लागि आर्थिक र सामाजिक रूपान्तरण मार्फत समृद्धिको एजेण्डाले प्राथमिकता पाएको छ । नागरिकहरूको आर्थिक, सामाजिक स्थितीमा सुधार ल्याउन नागरिकका माग र आवश्यकताका सेवाहरू घरदैलोमा प्रवाह गर्नु पर्ने अवस्था सिर्जना भएको छ । जनताका विबिध ईच्छा, आकांक्षा, चाहानाहरू प्रवल भई नयाँ नयाँ विचार सोचहरू सार्वजनिक हुन थालेको छन् । आम नागरिकहरूमा शान्ति, सुशासन, विकास र समृद्धिको भोक जागेको छ । प्रगतिका लागि नयाँ अध्याय, नयाँ आयाम प्रारम्भ हुने चरणमा हामी पुगिरहेका छौं । सबै क्षेत्रका नागरिकहरूमा आफ्नो गाउँ, बस्ति टोल र समुदायमा विकासका प्रतिफल पुऱ्याउनु स्थानीय सरकारको दायित्व रहेको छ । भोकले तड्पिएर चाहानाले भौतारिएर सुन्दर र समुन्त समाज निर्माण हुन सक्दैन । जनताको आवश्यकताका र चाहानालाई सम्बोधन गर्नका लागि हाम्रा विकासका एजेण्डा र मार्गदर्शनहरू सु-स्पष्ट हुनु जरूरी छ ।

जनसमूदायको चाहना अनुसार नेपाल सरकारको मिति २०७३ चैत्र २७ गतेको निर्णय अनुसार पाल्पा जिल्लाका साबिक नौ वटा गा.वि.स.हरू चिर्तुङ्गधारा, पोखराथोक, नायरनमतलेश, खानीछाप, दर्लमडाँडा, यम्घा, खानीगाँउ, बराङ्दी र चापपानी समाहित भई बगनासकाली गाउँपालिका गठन भएको व्यहोरा यहाँहरू जानकारी नै छ । 'सुन्दर, शान्त, समृद्ध, सभ्य, बगनासकाली गाँउको सार, आर्थिक, सामाजिक, पर्यटन र पूर्वाधार विकासको दिगो आधार' भन्ने प्रमुख नीति एवं मूलमन्त्र सहित शुभारम्भ भएको हाम्रो यात्रा दिगो विकास, सु-शासन र जनसेवाका लागि शुभारम्भ गरिएको पनि करिब २ वर्ष व्यथित हुन लागि सकेको छ । यस अवधिमा सुचाङ्कमा देखिने गरि नै विकास गर्न नसकिएता पनि हामी समृद्धिको दिशा तर्फ उन्मूख हुन जग बसाल्ने प्रयास गरिरहेका छौं । हजारौं माईलको यात्रा पहिलो पाईलाबाट शुरू हुन्छ । हामीले उज्यालो बगनासकाली अभियान, फुसरहित घर अभियान, बगनासकाली आवाज पत्रिका प्रकाशन, ऐन कानुन निर्माण, न्यायिक समिति गठन र सबलीकरण, वालमैत्री स्थानिय शासन अभियान, कृषि बिकासका लागि व्यवसायिककरण, आधुनिकिकरण र यान्त्रिकरणको शुरूवात, जनताको स्वास्थ्यमा विशेष चासो र कार्यक्रमको तय गर्दै , पशुपंक्षी विकास एवं शैक्षिक गुणस्तर अभिवृद्धिका लागि गरिएका प्रयासहरू निरन्तर रूपमा जारी छन् । यस बगनासकाली गाउँपालिकाको आ.व. २०७६/७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म अत्यन्त गौरवान्वित भएको छु ।

हाम्रो गाउँपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक विविधता एवं भौगोलिक अवस्थाका आधारमा हाम्रा विकासका पूर्वाधारहरू तय गर्दै जानु पर्ने अवस्था रहेको छ । स्थानीय तहमा क्रियाशील राजनैतिक दलहरू, स्थानीय

समुदाय र गाउँपालिकाको संयुक्त प्रयासमा स्थानीय श्रोत, साधन र क्षमतालाई महत्तम परिचालन गरि सामाजिक, आर्थिक क्षेत्रमा परिवर्तन ल्याउन पूर्वाधार विकास एवं क्षमता विकासका कार्यक्रमहरू मार्फत विकासलाई अगाडि बढाउन उपयुक्त देख्दछु । गाउँपालिका भित्रका आर्थिक सामाजिक अवस्था कमजोर भएका आम जनताको भावनालाई समेटेर हामी जनसमूदायमा सन्तुलित विकासका लागि श्रोत परिचालन गर्नु पर्ने हाम्रा सामु चुनौती रहेको छ । सिमित श्रोत साधन, न्यून आन्तरिक श्रोत , आम जनतालाई दैनिक सेवा प्रवाह गर्नुपर्ने, हाम्रा कार्यालय भवन अस्थायी रहेको, वडा कार्यालय भवनहरू जीर्ण एवं अपुरा रहेका, प्राय गाउँपालिकाका सबै भेगमा सहज आवागमनका लागि  बाह्रै महिना चल्ने सडक नभएको अवस्था हामी सामु छ । उल्लेखित समस्या, चुनौतीहरूको सामना गर्न सबै गाउँवासीको सहयोग, सहभागिता, सहमति र समझदारीबाट मात्र सम्भव रहन्छ ।

आदरणीय महानुभावहरू,

यस गाउँपालिकाको पूर्वमा रम्भा गाउँपालिका, पश्चिममा  तानसेन नगरपालिका, उत्तरमा कालीगण्डकी नदी र दक्षिणमा माथागढी गाउँपालिका रहेका छन् । यिनै चारकिल्लाको बीचमा रहेको यस बगनासकाली गाउँपालिका बजार उन्मूख बस्तीको रूपमा स्थापित हुन गैरहेको छ । यस गाउँपालिकामा सडक, खानेपानी, विद्युत, शिक्षा, स्वास्थ्य जस्ता आधारभूत सेवा सुविधाको गुणस्तरमा वृद्धि गर्दै गाउँको छुट्टै पहिचान कायम गर्न ढिलो गर्न नहुने तर्फ सम्पूर्ण जनसमूदायहरू चनाखो हुनु पर्ने देखिन्छ । यस बगनासकाली गाउँपालिका क्षेत्रका महत्वपूर्ण योजनाहरूलाई यहांका क्रियाशिल राजनैतिक दल, सामाजिक संघ संस्था, समाजसेवी, उद्योगी, व्यवसायी, संचारकर्मी एवं  आम जनताहरूको सहयोग र सहभागितामा अघि वढाउदै दिगो विकासलाई व्यवस्थित र स्थापित गराउन पर्यत्नशील रहेका छौं ।

स्थानिय सरकार संचालन ऐन, २०७४,  बगनासकाली गाँउकार्यपालिकाबाट पारित गाउँ सभा संचालन कार्यविधि , २०७४ लगायत यसमा आवश्यक पर्ने अन्य ऐन, नियमहरूलाई आधार मानी सोही अनुसार कार्यान्वयनका लागि नीति तथा कार्यक्रम प्रस्तुतिकरण समारोह समक्ष पेश गरेकी छु ।

यस नीति तथा कार्यक्रमहरू तयारीको क्रममा विभिन्न राजनैतिक दल, वडा समितिहरू, बिषयगत समितिहरू,विषयगत शाखाहरू, विभिन्न सामाजिक संघ संस्थाहरू, विषयगत कार्यालयहरू, पत्रकार वन्धुहरूको सुझाव सल्लाह र कर्मचारी साथीहरूको सक्रिय सहभागितामा नीति, कार्यक्रम तथा बजेटहरू तयार गरी यस समारोहमा पेश गरेकी छु ।

आजको नीति तथा कार्यक्रम प्रस्तुतिकरण समारोहमा प्रस्तुत गरेका नीति तथा कार्यक्रमहरू सिंगो गाउँपालिकालाई समृद्धीको बाटोमा डोऱ्याउने आधारशिला हुन् । नीति कार्यक्रम तथा बजेट बनाउने क्रममा यहांहरूले दिनुभएको राय सुझाव तथा अब प्राप्त हुने राय सुझावहरूलाई समेत आवश्यकता र औचित्यका आधारमा आसन्न कार्यपालिका बैठकबाट थपघट एवं संशोधन गरी  गरिमामय गाँउसभामा पेश गरिनेछ ।

*आदरणिय उपस्थित महानुभावहरू,*

आर्थिक वर्ष २०७६/०७७ को प्रस्तावित उद्देश्य, नीति , कार्यक्रम तथा बजेट तर्जुमा गर्दा निम्न बिषयलाई मार्गदर्शनको रूपमा लिइएको छ ।

- नेपालको संविधान -२०७२
- स्थानीय सरकार सञ्चालन  ऐन,  २०७४
- संघीय तथा प्रदेश सरकारका नीति,कार्यक्रम तथा बजेट सिलिङ्ग,
- दिगो विकास लक्ष्य,
- चालु पंञ्चवर्षिय योजनाले निर्दिष्ट गरेका लक्ष्य,उद्देश्य र रणनीतिहरू,
- आर्थिक वर्ष ०७६/०७७ को लागि संघिय सरकारद्धारा प्रस्तुतत बजेट बक्तव्य
- आर्थिक वर्ष ०७६/०७७ को लागि प्रदेश सरकारद्धारा प्रस्तुतत बजेट बक्तव्य
- स्थानीय तहको नीति, कार्यक्रम तथा बजेट निर्माण र सार्वजनिक सम्पत्ति हस्तान्तरण कार्यविधि, २०७४
- बगनासकाली गाउँ कार्यपालिकाबाट पारित कार्यविभाजन नियमावली, २०७४
- बगनासकाली गाउँ कार्यपालिकाबाट पारित कार्यसम्पादन नियमावली, २०७४
- गाउँपालिका क्षेत्र भित्रका राष्ट्रिय मान्यता प्राप्त दलका प्रमुखहरू संघ संस्था एवम विभिन्न प्रवुद्ध व्यक्तिहरू, विद्धान पत्रकारहरूबाट प्राप्त राय सुझाव र परामर्श

**सभाध्यक्ष महोदय, अब म गाउँपालिकाको दीर्घकालीन एंव क्षेत्रगत नीति प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

(१) **प्रमुख नीति** : गाउँको दिगो विकासका लागि *''सुन्दर शान्त, समृद्ध, सभ्य बगनासकाली गाउँको सार आर्थिक, सामाजिक, पर्यटन र पूर्वाधार विकासको दीगो आधार ''*

**(२) दीर्घकालीन नीति :**

- एकीकृत र दीर्घकालीन विकासको लागि आवधिक पञ्चवर्षिय योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- गाउँको भू-उपयोग र आवास नीति तर्जुमा गरि समुन्नत गाउंको रूपमा विकास गर्ने ।
- गाउँ -चक्रपथको पहिचान गरी विकास र विस्तार गर्ने ।
- पर्यटन विकासको समुचित विस्तार र प्रवर्द्धन गर्ने ।
- गाउँ क्षेत्रभित्रका सम्भावित करका क्षेत्रहरूको पहिचान गरि दायरा फराकिलो बनाउने ।
- सार्वजनिक सम्पत्तिको पहिचान गरी संरक्षण र सम्वर्द्धन गर्ने ।
- सार्वजनिक, निजी, साझेदारी नीति कार्यान्वयन गर्न जोड दिने ।
- शिक्षा, स्वास्थ्य, भाषा, साहित्य, कला, संस्कृति र खेलकुदको विकास गर्ने ।
- सूचना प्रविधिको विकास र विस्तार गरी सेवा प्रवाहमा छरितो तुल्याउने ।
- सरसफाई र वातावरण संरक्षणमा अग्रणी नमुना गाउँपालिकाको रूपमा रूपान्तरण गर्ने ।
- गाउँपालिका, नगरपालिका वा कुनै एक अन्तर्राष्ट्रिय नगरसँग भागिनी सम्बन्ध कायम गर्ने ।

**(३) उद्देश्य :**

- विकासका पूर्वाधारहरूको पहुँच बिस्तार गरी बस्तीस्तरसम्म विकासका अवसरहरूको पर्याप्त उपयोग गर्ने अवस्थाको सुनिश्चितता गर्ने ।
- सन्तुलित, समावेशी र समन्यायिक विकासको अवधारणा मार्फत विभिन्न वर्ग, क्षेत्र, लिङ्ग, समुदाय र जातजातीको श्रोत साधनमा पहुँच अभिवृद्धि गर्ने ।
- उत्पादनमूलक क्षेत्रमा ब्यवसायिकता र उद्यमशीलताको विकास एवं सामाजिक परिचालन मार्फत गरिवी न्यूनीकरण गर्ने ।
- विकासको दृष्टिले पछाडि परेका वडाहरूमा प्राथमिकताका आधारमा विकास कार्यक्रमहरू पुऱ्याई जनताको सामाजिक आर्थिक रूपान्तरण गर्ने ।
- स्वच्छ सुरक्षित खानेपानी, सरसफाई र स्वास्थ्य सम्वन्धी चेतनाको अभिबृद्धि गरी दीर्घकालीन लक्ष्य प्राप्तिमा टेवा पुऱ्याउने ।
- विकास कार्यक्रम तथा आयोजनाहरू सञ्चालन गर्दा सरोकारवालाहरू वीच समन्वय कायम गर्दै जनसहभागिता, पारदर्शिता र उत्तरदायित्व वढाई सु-शासनको प्रत्याभूति दिने ।
- वातावरणमैत्री, बालमैत्री स्थानीय शासनको अनुभूति हुने गरी नीति योजना र कार्यक्रम तय गरी कार्यान्वयन गर्ने ।
- कृषि एवं पर्यटनलाई ब्यवसायिकरण गरी आय आर्जन वृद्धि गर्ने ।
- समृद्ध, समुन्नत र श्रोत सम्पन्न आधुनिक गाउँपालिकाको रूपमा विकास गर्ने ।

**(४) क्षेत्रगत नीति :**

गाउँपालिकाले आर्थिक वर्ष २०७६/०७७ मा देहाय बमोजिमको क्षेत्रगत नीतिहरू अवलम्वन गरिनेछ:-

**क. आर्थिक नीति :**

- कृषिको ब्यवसायिकरण, आधुनिकीकरण र यान्त्रिकरण गरी आर्थिक विकासको मेरूदण्डको रूपमा विकास गर्ने नीति लिइने छ ।
- कृषि उपज संकलन तथा विज भण्डारण (**Seed Bank**) स्थापना गरी गै.स.स. एवं निजी संस्थाहरूको साझेदारीलाई अभिवृद्धि गर्ने नीति लिइने छ ।
- "**एकवडा एक उत्पादन**" कृषि तथा पशुजन्य उत्पादनहरूको पकेट क्षेत्र, गोठ सुधार, नश्ल सुधार जस्ता कार्यक्रमहरूलाई विशेष महत्व दिने नीति अवलम्वन गरिने छ ।
- यस क्षेत्रमा रहेका वित्तीय संघ संस्थाहरूसंग असल समन्वयको नीति लिइनेछ ।
- साना, मझौला तथा ठूला उद्योग स्थापना, संचालन एवं प्रवर्द्धन गर्ने विशेष नीति लिइनेछ ।
- बगनास देवीस्थान, दर्लममहाकाली, राम नदि धाम, बौद्ध विहार, शिवासन मन्दिर जस्ता धार्मिक तथा पर्यटकीय स्थानहरूलाई ग्रामीण पर्यटनको रूपमा संरक्षण एवं विकास गरी पर्यटन प्रवर्द्धन गरिने छ ।

- अर्थतन्त्रको एक खम्बाको रूपमा रहेको सहकारीको सञ्जाल फराकिलो र बलियो बनाई आम जनताको आर्थिक -सामाजिक जीवनस्तर उन्नतीको नीति लिइनेछ।

**ख. सामाजिक विकास नीति :**

- विद्यालयहरूको भौतिक पुर्वाधार निर्माणमा सहयोग गरी शैक्षिक गुणस्तर सुधार कार्यक्रममा जोड दिइनेछ।
- गाउँपालिका स्तरीय शिक्षा समितिलाई सक्रिय र प्रभावकारी बनाई शिक्षा सम्बन्धी कार्यक्रमहरूको समन्वय गरिने छ।
- महिला, बालवालिका, आदिवासी/ जनजाती, दलित, अपाङ्ग, जेष्ठनागरिक, सिमान्तकृत वर्ग लगायत आर्थिक सामाजिक दृष्टिकोणले पछाडि परेका सबै वर्ग समूह र समुदायका उत्कृष्ट विद्यार्थीलाई प्रोत्साहित गर्न विशेष पुरस्कार र प्रशंसाबाट सम्मान गरिने छ।
- यस क्षेत्रमा रहेका स्वास्थ्य चौकीहरू, सामुदायिक स्वास्थ्य क्लिनिकहरू, भौतिक निर्माण तथा गुणात्मक सेवाको विकास र विस्तारमा आवश्यक सहयोग पुऱ्याइने छ।
- गाउँपालिकाको पायक पर्ने स्थानमा १५ शैयाको अस्पताल स्थापना गर्न पहल गरिने छ।
- सुरक्षित मातृत्व, एम्बुलेन्स सेवा, स्वास्थ्य स्वयसेविका प्रोत्साहन, २४ घण्टे प्रसुति सेवा, बालवालिकाको पोषण सुधार र स्वास्थ्य शिविर जस्ता स्वास्थ्य कार्यक्रमलाई विशेष महत्व दिइने छ।
- गाउँपालिका क्षेत्रभित्रका पानीका श्रोत तथा मुहानहरूको संरक्षण गरी आम जनतालाई स्वच्छ पिउने पानी सरल र सुलभ तरीकाले उपलब्ध गराउने नीति लिइनेछ।
- ''राष्ट्रका लागि खेल, जीवनका लागि खेल'' भन्ने राष्ट्रिय नीतिलाई चरितार्थ गर्न गाउंपालिकास्तरीय र वडास्तरीय खेलकुद मैदान व्यवस्थित गर्न पहल गर्ने नीति लिइनेछ।
- लागु औषध दुर्व्यसनी, धुम्रपान, मद्यपान तथा सुर्तीजन्य पदार्थको सेवन जस्ता सामाजिक विकृतिहरू हटाउन विभिन्न कार्यक्रम संचालन गरीनेछ।
- बगनासकाली गाउँपालिकालाई छुवाछुत एंव भेदभाव मुक्त गाउँपालिका बनाउन आवश्यक कार्यक्रम ल्याई कार्यान्वयन गरिनेछ।
- विवाह, ब्रतबन्ध, चाडपर्व, मृत्यु संस्कार आदि सामाजिक कार्यहरूमा हुने भड्कीलो खर्चलाई निरूत्साहित गर्न आवश्यक पहल गरिनेछ।
- सामाजिक बिकृति बढाउने जाड्रक्सी सेवन बिक्री वितरण, जुवातासलाई पुर्ण रूपमा निरूत्साहित गर्न पहल गरिनेछ।

**ग. पूर्वाधार विकास नीति :**

- गाउँपालिकाका नौं वटै हरूमा (चिर्तुङ्गधारा, पोखराथोक, नायरनमतलेस, खानीछाप, दर्लमडाँडा, यम्घा, खानीगाऊ, चापपानी, बराङ्गदी) समेटेर सहज आवागनम गर्नका लागि बाह्रै महिना सवारी साधन चल्ने सडक बनाउने नीति लिइने छ।
- गाउँपालिका भित्र सडकहरू ब्यवस्थित विकास गर्न गाउँ यातायात गुरूयोजना (**Rural Transport Master Plan-RTMP**) अनुरूप कार्यान्वयन गरिनेछ। गाउँपालिकाले निर्माण गर्ने सडकहरूको वर्गिकरण गरी कालोपत्रे सडक, ग्राभेल र कच्ची सडकहरूको बर्गीकरण गरी उक्त सडकहरूमा पर्ने जग्गाको लगत कट्टा गर्न मालपोत तथा नापी कार्यालयसंग समन्वय गरिने छ।
- सडक योजनाहरू सर्भे, डिजाइन तथा इष्टिमेट पछि मात्र कार्यान्वयन गरिने नीति लागू गरिने छ।
- गाउँपालिका क्षेत्रभित्र उपयुक्त स्थानमा भ्यू टावर, बसपार्क, चिल्ड्रेन पार्क, जेष्ठ नागरिक पार्क, सौर्य बत्ति जडान जस्ता पूर्वाधार निर्माणमा विशेष जोड दिइनेछ ।
- भू-उपयोग योजना (**Land Pooling**) कार्यक्रम, वैज्ञानिक गाउँ विकास (**Town Planning**) आवधिक वार्षिक योजना, राष्ट्रिय भवन निर्माण आधार संहिता, सडक मापदण्ड निर्धारण जस्ता कार्यक्रम तयार गरी लागू गर्न प्राथमिकता दिइने छ।
- सडक निर्माण गर्दा वातावरण संरक्षण सहितको दीगो विकासको नीति अवलम्बन गरिनेछ।

**घ. बातावरण तथा विपद् ब्यवस्थापन नीति :**

- वातावरणमैत्री स्थानीय शासन अवलम्बन गरिनेछ।

- गाउँपालिकाको मुख्य नीति सुन्दर शान्त समृद्ध सभ्य बगनासकाली गाउँको सार, आर्थिक, सामाजिक, पर्यटन र पूर्वाधार विकासको दीगो आधारलाई मुर्तरूप दिइनेछ।
- हरित गाउँ बनाउन सडक क्षेत्रको निर्माण/स्तरोन्नती गर्दा सडकको दाया वाँया निश्चित दूरीमा वृक्षारोपण गरेपछि र अन्य निर्माण कार्यहरूको हकमा फरफारक गर्नु अघि कम्तिमा २ वटा रूख रोपे पछिमात्र भुक्तानी दिने व्यवस्थालाई शुरूवात गरिने छ।
- गाउँपालिकालाई पूर्ण सरसफाई तर्फ अगाडि बढाउने खालका कार्यक्रमहरू ल्याइनेछ।
- फोहरमैलालाई घर घरमा वर्गीकरण गरी आफै व्यवस्थापन गर्न उत्प्रेरित गर्ने कार्यलाई अभियानका रूपमा लिइनेछ।
- स्थानीय स्तरमा स्थानीय विपद् व्यवस्थापन तथा जोखिम न्युनिकरण समितिलाई प्रभावकारी रूपमा परिचालन गरिनेछ।
- भू-क्षय, वाढी, पहिरो, आगलागी/डढेलो नियन्त्रणका लागि विभिन्न संघ संस्थाहरूको समन्वयमा कार्यक्रम संचालन गर्न विशेष पहल गरिनेछ।
- गाँउपालिका क्षेत्र भित्र उत्पादन हुने जैविक र अजैविक फोहोरहरूको वैज्ञानिक व्यवस्थापन गर्न पहल गरिनेछ।

**ङ. संस्थागत विकास,सेवा प्रवाह र सुशासन नीति :**

- कार्यालय व्यवस्थापन, सार्वजनिक सेवा प्रवाहमा प्रभावकारीता ल्याइनेछ।
- प्रशासनिक खर्चलाई सीमा भित्र राख्न आन्तरिक राजश्व वृद्धि एवं प्रशासनिक खर्च मितव्ययी बनाउन अधिकन्तम प्रयास गरिनेछ।
- स्थानीय शान्ति सुरक्षा कायम गर्न एवं सामाजिक विकृति विसंगती विरूद्धका गतिविधिहरू रोक्न प्रहरी कार्यालयहरूसंग समन्वय गरिनेछ।
- न्यायिक सेवा प्रवाहका लागि उचित कार्यकक्ष व्यवस्था गरिनेछ।
- गाउँपालिकाको आम्दानी र खर्च सार्वजनिकीकरण गरिनेछ।
- सुशासन अभिवृद्धिका लागि सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, नागरिक वडापत्र, नोडेल अफिसर, सूचना अधिकारी जस्ता विषयलाई उचित चासो दिइनेछ।
- गाउँपालिकाको आर्थिक प्रशासनलाई पारदर्शी वनाउन बजेटिङ्, लेखाकंन र प्रतिवेदनलाई व्यवस्थित गर्न आगामी श्रावण १ गते देखि लागु हुने गरी स्थानिय संचितकोष व्यवस्थापन ( Su-TRA) को प्रयोग गरिने छ।
- विकास निर्माण र जनसेवालाई प्रभावकारी बनाउन गाँउपालिका कार्यालय र वडा कार्यालय लाई साधन र स्रोत सम्पन्न गराउन विशेष पहल गरिनेछ।
- गाँउपालिकालाई **Free Wifi Zone** निरन्तरता दिइनेछ।
- प्रत्येक वडा कार्यालयहरू, विद्यालयहरू तथा स्वास्थ्य सस्थाहरूलाई गाँउपालिकासंग इन्टरनेट **Networking** गरि समन्वय तथा निगरानी गरिनेछ।
- गाउँपालिकामा रिक्त रहेका पदहरूमा पूर्ति गर्दै लगिने छ।
- नागरिकले पाउनु पर्ने हरेक सूचना सरल र सहज रूपमा सुचना अधिकारी मार्फत उपलव्ध गराइनेछ।
- कर्मचारीहरूलाई उत्प्रेरित गरि सिमित जनशक्तिबाट अधिकतम उपलब्धी हाँसिल गर्न उचित सम्मान, पुरस्कार र दण्डको नीति अवलम्बन गरिनेछ।

**५. बिषयगत नीति :**

गाउँपालिकाले आर्थिक वर्ष ०७६/७७ मा देहाय वमोजिमका बिषयगत नीतिहरू अवलम्बन गरिनेछ :-

**(क) राजश्व तर्फ :**

- सिमित स्रोत र साधनको उच्चतम परिचालन गरिनेछ।
- राजश्व तर्फ चालु आ.व. मा बगनासकाली गाउपालिकाबाट लिइदै आएको विभिन्न शीर्षक अनुसारको दस्तुरमा राजश्व परामर्श समितिको सिफारिसमा यस सम्मानित गाउँसभाबाट यस आ.व.का लागि पारित गरिने सबै कर, महशुल, दस्तुर, शुल्क, रोयल्टी, जरिवाना र मापदण्डहरूको कार्यान्वयन गरिनेछ।
- राजश्वका दरहरू जनमैत्री तथा दायराहरू फराकिलो बनाउदै लागिने नीति अबलंम्वन गरिने छ।

(ख) कृषि तर्फ :

- निर्वाहामुखी कृषि प्रणालीलाई व्यवसायिक र प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रूपान्तरण गरी जीवनस्तरमा क्रमिक सुधार ल्याइने छ।
- उर्वरा कृषि भूमिलाई गैर कृषि कार्यको लागि प्रयोगमा ल्याउने कार्यलाई निरूत्साहित गरिनेछ।
- राजमार्ग एवं सहायक राजमार्गको छेउछाउमा अदुवा, कफी, सुन्तला, मकै जस्ता वढी मूल्य पर्ने कृषि उत्पादनको पकेट क्षेत्र निर्माण गरिनेछ।
- कृषि उत्पादनको संकलन, प्रशोधन, संचय र ढुवानी गर्ने कार्यलाई विशेष अनुदानको व्यवस्था गरिनेछ।
- हानिकारक किटनाशक औषधिको अत्यधिक प्रयोग गरी कृषि उत्पादन गर्ने वर्तमान प्रवृतिलाई निरूत्साहित गरी समूहमा आर्गनिक खेतीगर्ने किसान समूह, सहकारीलाई जैविक मल बनाउने तालिम र वीऊमा अनुदान एवं आर्गानिक उत्पादनको पहिचान सहित बजारीकरणमा सहयोग गरिनेछ।
- व्यवसायिक रूपले कृषि व्यवसाय गर्ने किसान वा किसान समूहलाई विशेष अनुदानको व्यवस्था गरिनेछ।
- स्थानीय स्तरमा निम्न आयश्रोत भएका महिला, दलित, एकल महिला, सिमान्तकृत वर्ग तथा विपन्न वर्गलाई विऊ, वेर्ना नर्सरी स्थापनामा विशेष अनुदान दिइनेछ।
- स्थानीय स्तरमा रहेका जडीवुटी, डालेघाँस एग्रो फरेष्टीका साथ उन्नत पशुपालनमा वढावा दिइनेछ।
- गाउँपालिकाको भौगोलिक वनौटलाई दृष्टिगत गरी वेमौषमी तरकारी खेती, पुष्पखेती, पशुजन्य उत्पादनका लागि कृषकलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याइने छ।
- कृषि उत्पादन बढाउन एवं संरक्षण गर्न **बाली बिमा** कार्यक्रम ल्याइनेछ। बाँदर, दुम्सी लगायतका वन्यजन्तुहरूबाट बालीनाली क्षति गर्न नदिन विशेष पहल गरिनेछ।

(ग) पशुपालन तर्फ :

- पशुपालन व्यवसायलाई मर्यादित, आधुनिक र व्यवसायिक बनाइनेछ।
- मासु , अण्डा र दुधमा आत्मनिर्भर हुने खालका कार्यक्रम ल्याइनेछ।
- पशुजन्य पदार्थमा गुणस्तर नियमन गरी स्वास्थ्य पशुजन्य उत्पादनको उपभोग गर्न पाउने अधिकार सुनिश्चित गरिनेछ।
- पशुपंक्षी विमा कार्यक्रमलाई कार्यान्वयनमा ल्याइनेछ।
- कृतिम गर्भाधान सेवालाई व्यवस्थित र सहज बनाइनेछ।
- पशुमा उन्नत नश्ल सुधार गरी उत्पादनमा वृद्धि गरिने छ।
- घाँसमा आधारित पशुपालन गरी उत्पादन लागत घटाइनेछ।
- पशुपालन व्यवसायलाई स्वरोजगारमुखी बनाई युवा स्वरोजगार मार्फत वैदेशिक रोजगारमा जाने क्रमलाई न्यूनीकरण गर्न पहल गरिनेछ।
- पशुजन्य उत्पादनलाई बजारीकरण र विविधिकरण गरिनेछ।
- गुणस्तरीय तथा स्वस्थकर पशुजन्य उत्पादनको वेचबिखनलाई बजारीकरण र नियमन गरिनेछ।
- पशु रोगहरूको पहिचान गरी रोग लाग्नबाट बचाउन पशु स्वास्थ्य सेवा कृषक समक्ष पुर्‍याइने छ।
- एक गाउं एक प्राविधिक राष्ट्रिय कार्यक्रमलाई निरन्तरता दिई प्रभावकारी बनाइनेछ।

(घ) शिक्षा तर्फ :

- गाँउपालिका भित्रका सबै बालबालिकाहरू विद्यालय भर्ना गर्ने र कुनै पनि बालबालिका विद्यालय बाहिर नरहने नीतिलाई अवलम्बन गरिनेछ।
- विद्यालय भर्ना नभएका प्राथमिक उमेर समूहका सम्पूर्ण बालबालिकालाई विद्यालय भर्ना गराउन वडा सदस्यहरू मार्फत प्रोत्साहित गरिनेछ।
- शिक्षकहरूको शिक्षण सिकाइ क्षमता अभिवृद्धि गर्नका लागि विषयगत तथा सूचना प्रविधि तालिम दिइदै लगिनेछ।
- शैक्षिक गुणस्तर सुधार गर्न शैक्षिक सामाग्री, भौतिक सामाग्री, विज्ञान र कम्प्युटर प्रयोगशाला जस्ता विषयमा सहयोग पुर्‍याइनेछ।
- बगनासकाली गाउँपालिकाको स्थानीय पाठ्यक्रम तयार गरी आगामी शैक्षिक शत्रबाट विद्यालयहरूमा लागु गरिनेछ।

- शिक्षकहरूलाई पाठ्यपुस्तक, पाठ्यक्रम लगायत नविनतम ज्ञानको पुर्नताजगीका लागि प्रतियोगात्मक कार्यक्रमहरू संचालन गरिनेछ।
- संस्थागत तथा सामुदायिक विद्यालयहरूको पठन-पाठनलाई एकरूपता ल्याउन तथा गुणस्तर वृद्धि गर्न सबै विद्यालयहरूलाई सहकार्य गर्न जोड दिइनेछ।
- बालविकास केन्द्र र विद्यालयस्तरमा गुणस्तरीय शिक्षा प्रदान गर्न वालमैत्री पूर्वाधार तथा भौतिक निर्माणमा जोड दिइनेछ।
- गुणस्तरीय शिक्षा र मितव्ययिताका लागि विद्यालय मर्जको ब्यवस्थालाई अवलम्वन गरिनेछ।
- गांउपालिका भित्र संचालनमा रहेका संस्थागत तथा सामुदायिक विद्यालयहरूको पठन-पाठनलाई एकरूपता ल्याउन पाठ्यक्रम तथा पाठ्यपुस्तकको एकरूपता गर्ने नीति अवलम्वन गरिनेछ।
- प्राविधिक शिक्षा संचालन भएका विद्यालयहरूलाई भौतिक पुर्वाधार निर्माणमा विशेष जोड् दिईनेछ।

**(ङ) स्वास्थ्य तर्फ :**

- स्वास्थ्य संस्था भन्दा टाढा रहेका स्थानमा सामुदायिक स्वास्थ्य इकाई स्थापना गरी स्वास्थ्य सेवा संचालन गर्न पहल गरिनेछ।
- बालमृत्युदर र मातृमृत्युदर घटाउन आगामी ५ वर्ष भित्र शुन्य होमडेलीभरी घोषणा गरी सुरक्षित मातृत्व कार्यक्रम अवलम्वन गरिनेछ।
- शुद्ध खानेपानीको ब्यवस्थापन गरी पानीजन्य रोगलाई न्यूनीकरण गरिनेछ।
- गाउँपालिका भित्रका किशोर किशोरीहरूको स्वास्थ्य सचेतना अभिवृद्धि गर्न कार्यक्रम संचालन गरिनेछ।
- स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी तथा महिला स्वा. स्वयम सेविकाहरूको कार्यसम्पादन मूल्यांकन गरी उत्कृष्ट कर्मचारी/म.स्वा.से. लाई पुरस्कृत गरिनेछ।
- दिर्घरोग लाग्न बाट बचाउन नियन्त्रमुखी कार्यक्रम ल्याइनेछ। दिर्घरोग लागि सकेका जनतालाई आवश्यकता र औचित्यताका आधारमा नि:शुल्क औषधि उपलब्ध गराउने नीति लिइनेछ।
- गाउँपालिकाका अशक्त, असहाय, अति विपन्न नागरिकहरूका लागि घरदैलोमा स्वास्थ्य सेवा उपलब्ध गरिनेछ।
- गाउँपालिका भित्र सबै विद्यालयहरूमा विद्यालय स्वास्थ्य कार्यक्रम संचालन गरिनेछ।
- गाउँपालिका भित्र स्वस्थ जीवनशैलीको अभ्यासका लागि योग शिविर, स्वास्थ्य शिविर, प्राकृतिक चिकित्सा पद्धतिको अवलम्वन गरिनेछ।
- स्थानीय तह बाटै सबै स्वास्थ्य सेवा उपलब्ध गराउन सबै सेवा थप गर्ने प्रयास गरिनेछ।

**(च) पर्यटन तर्फ :**

- पर्यटकीय गुरूयोजना अनुसार पर्यटन प्रर्बधन र विकास जोड दिईनेछ।
- यस क्षेत्रका सम्भावित पर्यटकीय क्षेत्रहरूको पहिचान गरी व्यवस्थित गर्न पहल गरिनेछ।
- पर्यटनलाई आर्थिक विकासको रूपमा लिन होमस्टे र ग्रामीण पर्यटनलाई प्रवर्द्धन गरिनेछ।
- गाँउपालिका भित्र रहेका महत्वपुर्ण धार्मिक पर्यटकीय क्षेत्रहरूको संरक्षण एवं प्रर्वधन गरिनेछ।

**(छ) युवा तथा खेलकुद तर्फ :**

- गाउँपालिकाका युवा जनशक्तिहरूलाई स्वदेशमै बसी योगदान गर्न सक्ने वातावरण तयार गर्न विभिन्न ब्यवसाय, रोजगारी सिर्जना गर्ने सीप मुलक तालिम संचालन गरी व्यवसाय तर्फ उन्मुख गर्न पहल गरिनेछ।
- वैदेशिक पलायन रोक्न स्वदेशमै स्वरोजगार हुन चाहने युवा जनशक्तिलाई युवा लक्षित विशेष कार्यक्रम ल्याइनेछ।
- सामाजिक विकृतिमा फसेका युवा/युवतीहरूलाई त्यस्ता गतिविधिबाट टाढा राख्न सचेतना मुलक कार्यक्रम ल्याईनेछ।

**(ज) गरिवी निवारण तर्फ :**

- यस क्षेत्रका गरिव, निमुखा, सुकुम्वासीहरूको तथ्याङ्क अध्यावधिक गरी उनीहरूको आर्थिक, सामाजिक विकासको लागि स्वरोजगारमूलक, शिपमूलक तालिमहरू संचालन गरिनेछ।
- सार्वजनिक जग्गामा बसेका सुकुम्बासीहरूको वैकल्पिक ब्यवस्था गर्न सवन्धित निकायसंग समन्वय गरिनेछ।

**(झ) सहकारी तर्फ :**

- गाउँपालिका क्षेत्रभित्र सहकारीहरूको सञ्जाललाई सबल र सक्षम बनाइनेछ।
- आर्थिक गर्जो टार्न र साना तिना आर्थिक समस्या सहकारी मार्फत समाधान गर्ने वातावरण मिलाइनेछ।
- कृषि र पशु सेवा तर्फका कार्यक्रमहरूलाई सहकारी मार्फत परिचालन गर्न पहल गरिनेछ।

**(ञ) सामाजिक परिचालन तर्फ :**

- गाउँपालिका स्तरीय सामाजिक परिचालन समितिको गठन गरी सामाजिक परिचालन सम्वन्धी कार्यक्रमहरू प्रभावकारी रूपमा सम्पन्न गरिनेछ।
- गाँउपालिकाको सर्वाङ्गिण विकासमा जनप्रतिनिधिहरूलाई सामाजिक सेवामा सहयोग पूऱ्याउन टोल विकास संस्था गठन र परिचालन गरिनेछ।

**ट) सुचना तथा सञ्चार तर्फ :**

- सुचना तथा प्रबिधिको उपयोगलाई सहज र सरल बनाउने नीति लिइनेछ।
- सुचना तथा संचारमा गुणस्तरीयता, व्यवसायिकता र स्वच्छ अभ्यासलाई प्रोत्साहित गर्ने नीति अबलम्बन गरिनेछ।
- गाउँपालिकाको मोबाईल एप्सका माध्यमबाट सरल र सहज रूपमा सेवा, सुचना, जानकारी लिन सक्ने र आफ्ना गुनासा प्रकट गर्न सक्ने व्यवस्था गरिनेछ।
- सेवा प्रवाहमा सूचना तथा संचार प्रविधिको अधिकत्तम प्रयोग गरी सुशासनको प्रत्याभुती दिलाइने छ।
- गाउँपालिकाका सम्पुर्ण गतिविधिहरू मोबाईल मार्फत जानकारी लिन निशुल्क टोल फ्री नंम्बर ल्याईनेछ

**(ठ) लक्षित वर्ग तर्फ :**

**(अ) महिला तर्फ :**

- महिलाहरूको क्षमता अभिवृद्धिको लागि विभिन्न सशक्तिकरणका कार्यक्रम संचालन गरिनेछ।
- महिलाहरूको लागि आयमूलक कार्यक्रमका लागि विशेष अनुदानको ब्यवस्था गरिनेछ।
- महिला हिंसा, घरेलु हिंसा, चेलीवेटी वेचविखन जघन्य अपराध विरूद्ध विविध कार्यक्रम ल्याइनेछ।
- महिला अधिकार सम्वन्धी जानकारीमूलक कार्यक्रम संचालन गरिनेछ।
- महिलाको प्रजनन अधिकार सुरक्षित गरिनेछ।

**(आ) बालवालिका तर्फ :**

- बालवालिकाहरूको विकासका गतिविधिहरू संचालन गर्न गाउँपालिकामा गाउँपालिकास्तरीय र प्रत्येक वडामा वडास्तरीय वाल सञ्जालहरूलाई सक्रिय बनाई बालमैत्री गाउँपालिका बनाइने छ।
- बालबालिकहरूको तथ्याङ्क संकलन र अध्यावधिक गरी स्थिती पत्र प्रकाशन गरिनेछ ।
- विद्यालय भर्ना हुन र अध्ययन गर्न नसक्ने गरिव तथा विपन्न बालवालिकाहरूलाई गाउँपालिकाबाट विशेष छात्रवृत्ति र सहयोग उपलव्ध गराइनेछ।
- बालविवाह न्युनीकरणका लागि सरोकारवाला निकायसंग साझेदारी गरी कार्यक्रम संचालन गरिनेछ।
- वालश्रम मुक्त गाउँपालिका बनाईनेछ।
- यस आ.ब. भित्र बालमैत्रीका सबै खुड्किला तथा सुचकहरू पुरा गरी बगनासकाली गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणा गरिनेछ।

**(इ) दलित तर्फ :**

- दलित वर्गको समग्र आर्थिक सामाजिक उन्नतीको लागि परम्परागत ज्ञान र सीपलाई ब्यवसायिक बनाउन विशेष कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ।
- दलित वर्गको उत्थानका लागि मागमा आधारित कार्यक्रम संचालन गरिनेछ।

**(ई) आदिबासी/जनजाति तर्फ :**

- आदिवासी तथा जनजाती वर्गको समग्र आर्थिक सामाजिक विकासका लागि सीपमूलक तालिम र सशक्तिकरणका कार्यक्रमहरू संचालन गर्न पहल गरिनेछ।
- आदिबासी/जनजाती वर्गको उत्थानका लागि मागमा आधारित कार्यक्रम संचालन गरिनेछ।

(उ) जेष्ठ नागरिक तर्फ :

- जेष्ठनागरिकहरूका लागि आत्मसम्मान हुने गरी सम्मान गरिनेछ।
- सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण गर्ने प्रक्रियालाई अगाडि गरिनेछ।
- अनुभवका खानीका रूपमा रहेका जेष्ठनागरिकहरूको वौद्धिक ज्ञान उपयोग गर्ने विशेष कार्यक्रम ल्याइने छ।
- जेष्ठ नागरिकहरूको उचित स्याहार-सुसार तथा आदर गर्ने परिवार/संरक्षकलाई विशेष पुरस्कार र सम्मान गर्ने कार्यक्रम ल्याइनेछ।

(ऊ) अपाङ्ग तर्फ :

- अपाङ्ग वर्गको वर्गिकृत तथ्याङ्क संकलन गरी अध्यावधिक गरिनेछ।
- गाउंपालिका क्षेत्रभित्रका अपाङ्गहरूलाई आवश्यकता अनुसार ह्विलचियर, सेतोछडी जस्ता सामाग्री वितरण गरी जीवन सहज गराउन पहल गरिनेछ।
- पूर्णरूपमा अपाङ्ग भएका व्यक्तिहरूका लागि नि:शुल्क स्वास्थ्य विमा गर्ने नीतिलाई प्राथमिकता दिइदै लगिनेछ।

बगनासकाली गाउँपालिका र तानसेन नगरपालिका बिचमा अन्तर संम्बन्धित सरोकारका विषयमा छलफल र अन्तरक्रियालाई निरन्तरता दिइनेछ। दुवै स्थानिय तहको साझा/अन्तर सम्बन्धित सरोकारका विषयमा दुवै स्थानिय तहबाट सहकार्यका योजना तथा कार्यक्रमहरू तयगरी साझेदारी विकासको अवधारणालाई अवलम्बन गर्न आवश्यक पहल गरिनेछ।

**सभा अध्यक्ष ज्यू, उपस्थित महानुभावहरू,**

**अब म चालु आ.ब. ०७५/०७६ को जेष्ठ मसान्त सम्मको यर्थात संक्षिप्त बजेट खर्च विवरण उल्लेख गर्न चाहन्छु ।**

| क्र.स. | आ.ब. ०७५/७६ को जेष्ठ मसान्त सम्मको | जम्मा रू. |
|---|---|---|
| १ | कुल प्राप्त बजेट | ३५ करोड १३ लाख ४८ हजार ६२ |
| २ | चालु खर्च तर्फ | २१ करोड ७४ लाख ९३ हजार ५ सय ४६ |
| ३ | पुँजीगत खर्च तर्फ | ७ करोड ३८ लाख ५४ हजार ५ सय १६ |
|  | **जम्मा खर्च :** | **२९ करोड १३ लाख ४८ हजार ६२** |
|  | **कुल खर्च** | **८२.९२ प्रतिशत** |

**सभा अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, सभाका सदस्य ज्यूहरू, अब म आर्थिक वर्ष ०७६/०७७ का लागि संक्षिप्त आय अनुमान प्रस्तुत गर्न अनुमति चाहन्छु।**

**बजेटको संक्षिप्त विवरण**

आ.ब. ०७६/७७ को बार्षिक बजेट

| क्र.स. | आ.ब. ०७६/७७ को बार्षिक बजेट | जम्मा रू. |
|---|---|---|
| १ | समानीकरण अनुदान (संघीय सरकार) | ९ करोड १८ लाख |
| २ | शशर्त अनुदान (संघीय सरकार) | १७ करोड १६ लाख |
| २ | राजस्व बाडफाँड (संघीय सरकार) | ६ करोड ५१ लाख |
|  | **जम्मा** | **३२ करोड ८५ लाख** |
|  | प्रदेश सरकार तर्फ : |  |
| १ | समानीकरण अनुदान | ४१ लाख ३१ हजार |
| २ | शशर्त अनुदान | ८० लाख |
| ३ | राजस्व बाँडफाड | ५९ लाख २२ हजार |
| ४ | सम्पुरक अनुदान | १ करोड ५० लाख |
| ५ | विशेष अनुदान | ५२ लाख |
|  | **जम्मा :** | **३ करोड ८२ लाख ५३ हजार** |
|  | आन्तरिक श्रोत तर्फ : |  |
| १ | कर तथा गैरकर | ७२ लाख |
| २ | विद्युत रोयल्टी | ५३ लाख ५४ हजार ५ सय ६७ |
| ३ | गत वर्षको मौज्दात | १ करोड |
|  | **जम्मा :** | **२ करोड २५ लाख ५४ हजार ५ सय ६७** |
|  | **कुल जम्मा बजेट :** | **३८ करोड ९३ लाख ७ हजार ५ सय ६७** |

**उपरोक्त बमोजिम विनियोजन गरिएको बजेटमा चालु खर्च तर्फ रू. २४ करोड ३९ लाख (६२.६५ प्रतिशत) र पुँजीगत खर्च तर्फ रू. १४ करोड ५४ लाख ७ हजार ५ सय ६७ (३७.३५ प्रतिशत) विनियोजन गरिएको छ।**

कुल पुँजीगत रकमलाई देहाय बमोजिम विषयगत क्षेत्रहरू समेटिने गरी वडा स्तर र गाउँपालिका स्तरको योजना तथा कार्यक्रम समायोजन गरी देहाय बमोजिम विषय क्षेत्रगत रूपमा बजेट विनियोजनको प्रस्ताब गरिएको छ।

| क्र.स. | विषय क्षेत्रगत | प्रस्तावित विनियोजन रकम |
|---|---|---|
| १ | आर्थिक विकास तर्फ : | रू.९४ लाख २० हजार |
| २ | सामाजिक विकास तर्फ | रू.३ करोड ३८ लाख २३ हजार ५ सय ६७ |
| ३ | पूर्वाधार विकास तफ | रू. ३ करोड ६७ लाख |
| ४ | संस्थागत विकास तथा सेवा प्रवाह र सुशासन तफ | रू. ७७ लाख ९४ हजार |
| ५ | वातावरण तथा विपद् व्यवस्थापन तर्फ | रू. २४ लाख ७० हजार |
| ६ | सम्पुरक कोष तर्फ | रू. २ करोड ७० लाख |
| ७ | शशर्त अनुदान (प्रदेश सरकार ) | रू. ८० लाख |
| ८ | विशेष अनुदान (प्रदेश सरकार ) | रू. ५२ लाख |
| | **कुल जम्मा** | **रू. १४ करोड ५४ लाख ७ हजार ५ सय ६७** |

**कुल चालु रकमलाई देहाय बमोजिमका खर्च शिषकका रूपमा विनियोजन प्रस्ताब गरिएको छ।**

| क्र.स. | खर्च शिषक | विनियोजित रू. |
|---|---|---|
| १ | शशर्त अनुदान (संघीय सरकार) | १७ करोड १६ लाख |
| २ | कार्यालय संञ्चालन तथा प्रशासन | ७ करोड २३ लाख |
| | **कुल जम्मा** | **२४ करोड ३९ लाख** |

संघीय सरकार र प्रदेश सरकारबाट थप अक्तियारी स्वरूप प्राप्त हुने बजेट रकमलाई बजेटमा समावेश गर्दै लगिनेछ।

माथि उल्लेखित नीति तथा कार्यक्रमहरूलाई आर्थिक वर्ष ०७६/०७७ मा सम्बोधन गर्न प्राप्त स्रोत र साधनलाई अधिकत्तम सदुपयोग गर्ने गरी बजेट विनियोजन गरिएको बजेटको संक्षिप्त झलक प्रस्तुत गर्न चाहन्छु। साथै बजेट विनियोजनको विस्तृत विवरण विनियोजन विधेयक २०७६ गाउँसभामा पेश गरिने व्यहोरा जानकारी गराउन चाहन्छु।

बगनासकाली गाउँपालिकाका ९ वटै वडाबाट बस्तीस्तरका योजना छनौट गरी प्राथमिकका आधारमा योजना तथा कार्यक्रम छनोट तथा रकम विनियोजनको प्रस्ताब गर्न वडा समितिलाई नै अधिकार प्रत्यायोजन गरी देहाय बमोजिमका वडाहरूमा देहाय बमोजिम बजेट सिलिङ्ग अनुसार प्राप्त भएका योजना तथा कार्यक्रम गाउँकार्यपालिकाको बैठकद्धारा पारित गरी गरिमामय सभा समक्ष प्रस्ताव गरिएको छ।

| क्र.स | वडा नं | जम्मा रू. |
|---|---|---|
| १ | **बगनासकाली वडा नं. १** | ५४ लाख |
| २ | **बगनासकाली वडा नं. २** | ४८ लाख |
| ३ | **बगनासकाली वडा नं. ३** | ४८ लाख |
| ४ | **बगनासकाली वडा नं. ४** | ४८ लाख |
| ५ | **बगनासकाली वडा नं. ५** | ४८ लाख |
| ६ | **बगनासकाली वडा नं. ६** | ५४ लाख |
| ७ | **बगनासकाली वडा नं. ७** | ४८ लाख |
| ८ | **बगनासकाली वडा नं. ८** | ३६ लाख |
| ९ | **बगनासकाली वडा नं. ९** | ४८ लाख |
| | **जम्मा** | ४ करोड ३२ लाख |

गाउँपालिका स्तरीय योजना तथा कार्यक्रममा सम्पुरक कोष सहित जम्मा **रू. ७ करोड ४० लाख ७ हजार ५ सय ६७ बजेट** रकम बराबरको योजना तथा कार्यक्रम प्रस्ताव गरिएको छ।

**यस आ.ब.मा बजेट विनियोजनको लागि प्रस्ताब गरिएका महत्वपूर्ण योजना कार्यक्रम देहाय बमोजिम उल्लेख गरिएको छ।**

१) सम्पुरक कोष (प्रदेश/संघ) का लागि रू. २ करोड ७० लाख विनियोजन प्रस्ताब गरिएको छ। यो रकम मूलत सामाजिक विकास र पूर्वाधार निर्माण आयोजनाहरूमा साझेदारी गरिनेछ।

२) बगनासकाली गा.पा. लाई आ.व. ०७६/०७७ भित्र नै पूर्ण रूपमा फुसरहित छानो बनाउने अभियानलाई मूर्तरूप दिन रू. ३९ लाख विनियोजना प्रस्ताब गरिएको छ।

३) बगनासकाली गाउँपालिकालाई नेपालकै पहिलो बालमैत्री गाउँपालिका बनाउने अभियानलाई आ.ब.०७६/०७७ भित्रै मुर्तरूप दिन गत वर्षको अल्या रकम सहित यस वर्ष कुल रकम रू. १ करोड विनियोजन गरी भविष्यका कर्णधार बालबालिकाको लागि लगानीका लागि प्रस्ताव गरिएको छ।

४) आर्थिक विकासको पाटो कृषि विकास तर्फ कुल ५१ लाख २० हजार र पशु विकास तर्फ २६ लाख ५० हजार विनियोजन प्रस्ताब गरिएको छ।

५) चन्द्र मा.वि. चापपानी लाई प्राबिधिक शिक्षा संचालन गर्नका लागि भौतिक पूर्वाधार निर्माणार्थ रू. २० लाख विनियोजना गरिएको छ।

६) खानेपानी लिफ्टिङ्ग अनुदान महशुल अनुदान ४० प्रतिशत उपभोक्ता समितिलाई उपलब्ध गराउने साथै लिफ्टिङ्ग खानेपानी आयोजनाका मोटर बिग्री मर्मत नहुने अवस्था सिर्जना भएमा खरिद गर्न ४० प्रतिशत रकम अनुदान उपलब्ध गराउनको लागि रकम विनियोजन गर्न प्रस्ताव गरिएको छ।

७) शिक्षा, स्वास्थ्य, पर्यटन, युवा तथा खेलकुद, गरिबीनिवारण, सहकारी, सामाजिक परिचालन, सुचना तथा संचार, बालबालिका, महिला, जेष्ठ नागरिक, आदिवासी जनजाती, अपाङ्ग, सिमान्तकृत बोटे र कुमाल जातीलाई समेत मध्यनजर राखी प्राप्त स्रोत साधनको दायरा भित्र रहेर कार्यक्रम तथा बजेटद्वारा यथोचित सम्बोधन गर्ने प्रयास गरीएको छ।

८) बिगतका अधुरा योजनाहरूलाई पुरा गर्नेगरी प्राथमिकता दिई बजेट विनियोजनको प्रयास गरिएको छ।

उपरोक्त नीति कार्यक्रम तथा बजेज प्रस्तुतिकरण समारोहमा उपस्थित हुनु भएका अतिथिज्यूहरूबाट प्रभावकारी कार्यान्वयनका लागि सल्लाह र सुझावको अपेक्षा गरेको छु। गाउँपालिकामा उपलब्ध स्रोत र साधनले धान्न नसकेका आयोजनाहरूलाई केन्द्र तथा प्रदेशमा पठाइनेछ। गाउँपालिकाको समष्टिगत विकासको लागि गाउँपालिका बासी सरोकारवाला सबैको चासो र सहभागिता जरूरी छ। तसर्थ सहभागितामूलक योजना छनोट प्रक्रियामा बस्तीस्तर देखि नै सरोकारवालाहरूले छनोट गरी वडा समिति मार्फत प्राथमिककरण गरी आएका योजना तथा कार्यक्रमलाई गाउँकार्यपालिकाले समेत प्राथमिकताको आधार बनाएको छ। आ.व.२०७६/७७ को वार्षिक नीति कार्यक्रम तथा बजेट तयार गर्ने सिलसिलामा महत्वपूर्ण योगदान पुऱ्याउनु हुने वडाअध्यक्षज्यूहरू, वडा सदस्यज्यूहरू, योजना तर्जुमा समितिका सदस्यज्यूहरू, लगायत सम्पूर्ण कर्मचारीहरूमा विशेष धन्यवाद ज्ञापन गर्दछु।

हाम्रो निमन्त्रणालाई सहर्ष स्वीकार गरी आफ्नो कार्य व्यस्तताका बाबजुत उपस्थित भई यस कार्यक्रमको गरिमा बढाई दिनुहुने प्रमुख अतिथि ज्यू, सम्पुर्ण अतिथिज्यूहरूमा गाउँपालिकाको तर्फबाट विशेष आभार प्रकट गर्दछु। सिमित स्रोत, साधनलाई अधिकतम सदुपयोगका लागि रचनात्मक सुझावका लागि सबै संग हार्दिकता पुर्वक आग्रह गर्दछु।हामीले प्रस्ताव गरेका नीति, कार्यक्रम र बजेटका संर्दभमा विनियोजन विधेयक २०७६ का रूपमा पाचौं गाउँसभाको गरिमामय आगामी बैठकमा पेश हुनेछ र घनिभुत रूपमा छलफल, बहस गरी विधेयकलाई पास गरी विनियोजन ऐनको रूपमा सरोकारवाला सबैलाई उपलब्ध गराईनेछ। अन्तमा, नीति, कार्यक्रम तथा बजेट तयार गर्न प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने सबै आदरणिय महानुभावहरू प्रति हार्दिक आभार प्रकट गर्दछु।

**जय, बगनासकाली।**

**सरस्वती चिदी**
**उपाध्यक्ष**

**२०७६ असार ९ सोमबार ।**